# नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेश कार्यालय, पोखरा

## प्रदेशस्तरिय निबन्ध प्रतियोगिता

### गण्डकी प्रदेश

नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेश कार्यालयबाट बीमा सचेतना तथा बीमा प्रवर्द्धनको लागि गण्डकी प्रदेश भित्र प्रदेश स्तरीय निबन्ध प्रतियोगिता सञ्चालन हुन गइरहेको जानकारी गराउदछौ । उक्त निबन्ध प्रतियोगितामा भाग लिन इच्छुक विद्यार्थीले तोकिएको शिर्षकमा उल्लेखित नियमहरुको अधिनमा रही आफ्नो निबन्ध नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेश कार्यालयमा पेश गर्न हुन जानकारी गराउदछौ ।

### निबन्धको शिर्षक

**"डिजिटल युगमा बीमाः अवसर, चुनौती र सम्भावना"**

**(Insurance In the Digital Age: Opportunities, Challenges and Prospects)**

### नियमहरु

१. प्रतियोगितमा सहभागी हुने प्रतिस्पर्धी स्नातक तह अध्यनरत रहेको हुनु पर्नेछ । प्रतियोगी गण्डकी प्रदेश भित्रको कलेज तथा विश्वविद्यालयमा अध्ययनरत हुनुपर्नेछ ।

२. लेखनको भाषा नेपाली वा अंग्रजी मध्ये एक हुनु पर्नेछ । नेपाली भाषा भए कोकिला १६ फन्ट साइज र अंग्रेजी भाषा भए Times New Roman १२ फन्ट साइजमा हुनु पर्नेछ ।

३. निबन्ध कम्तीमा १५०० शब्दको हुनु पर्नेछ ।

४. प्रतियोगीताको सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

५. प्रतियोगीले आफ्नो सृजना नेपाल बीमा प्राधिकरणको गण्डकी प्रदेश कार्यालयको मेल आइडी Infogp@nia.gov.np मा पेश गर्नुपर्नेछ । निबन्ध पेश गर्दा प्रतियोगिको हालसालै खिचिएको PP Size Photo र अध्ययन गरिरहेको संस्थाको परिचय खुल्ने कार्ड संग्लन गरी पठाउनु पर्नेछ ।

६. पेश हुन आएको निबन्धलाई विषय विज्ञ बाट मूल्याङ्कन गराइने छ । निबन्धको मूल्यांकन मापदण्ड निम्न बमोजिम रहेको छ ।

| क्र.सं | मापदण्ड | गुणांक (%) | विवरण |
|---|---|---|---|
| १ | विषयसँग सम्बन्ध | ४० प्रतिशत | मुख्य विषयबस्तु प्रस्ट र सन्दर्भ |
| २ | भाषा तथा शैली | २० प्रतिशत | प्रवाह, सरलता र साहित्य |
| ३ | संरचना | १० प्रतिशत | प्रस्तावना, मुख्य भाग र निष्कर्ष |
| ४ | सृजनशीलता | २० प्रतिशत | मौलिकता र नयाँ विचार |
| ५ | व्याकरण/शुद्धलेखन | १० प्रतिशत | त्रुटिरहित लेखन |

७. उत्कृष्ट तीन निबन्धलाई पुरस्कार स्वरूप करसहित प्रथम रु. १५००० द्वितीय रु. १०००० र तृतीय रु. ५००० का दरले प्रमाणपत्र सहित उपलब्ध गराइनेछ ।

८. पुरस्कार रकममा लाग्ने कर रकम कट्टा गरी प्रदान गरिनेछ ।

९. माथि उल्लेखित शर्तहरु पुरा नभएमा निबन्ध प्रतियोगितामा समावेश गरिनेछैन ।

१०. प्राप्त निबन्धहरुको सर्वाधिकार (Copyright) प्राधिकरणमा निहित हुनेछ र ती निबन्धहरुलाई व्यावसायिक प्रयोजन बाहेकका आफ्ना कुनै पनि प्रकाशन वा गतिविधिमा उपयोग गर्न सक्नेछ ।

११. प्राधिकरणबाट सञ्चालित यस अघिका निबन्ध प्रतियोगितामा विजयी प्रतियोगीहरुले यस प्रतियोगितामा सहभागि हुन पाउने छैन ।

१२. प्रतियोगितामा सहभागिहरुले मिति २०८२ साल चैत्र १९ गते भित्र निवेदन दिन सक्नेछ ।

१३. निबन्ध सञ्चालन उप समितिको निर्णय नै निवन्ध सम्बन्धी अन्तिम निर्णय हुनेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY
आमरसिंह १२, पोखरा । ०६१५८२९८५ । गण्डकी प्रदेश

# नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेश कार्यालय, पोखरा
## बीमा सम्बन्धी प्रदेश स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८२/११/०५

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र विद्यार्थी तथा सर्वसाधारणमा बीमाको महत्व बुझाउने उद्देश्यले **"प्रदेश स्तरीय बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२"** आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले **४५ दिन** भित्र विद्यालयको पत्र मार्फत मनोनयन गरिएका तीन(३)जना विद्यार्थीको नाम, समूहको नेतृत्वकर्ताको नाम र विद्यालयको विद्यार्थी परिचय खुल्ने कागजात सहित नेपाल बीमा प्राधिकरणको इमेलमा पठाउनहुन अनुरोध गरिन्छ ।

### कार्यक्रमको नामः प्रदेश स्तरीय बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२

**सहभागी हुन पाउने** : गण्डकी प्रदेश भित्रका १०+२ मा अध्ययनरत विद्यार्थी र एउटा विद्यालयको एउटा मात्र समूह हुनुपर्ने।

**प्रतियोगिताको नियम** : प्रचलित मान्यता बमोजिम हुनेछ।

### प्रतियोगिताको विषयवस्तुहरूः

| विषयहरू | अङ्कभार |
|---|---|
| नेपाल बीमा प्राधिकरणको सामान्य जानकारी। | १० प्रतिशत |
| बीमा व्यवसाय सम्बन्धी जानकारी(जीवन बीमा, निर्जीवन बीमा, पुर्नबीमा र लघुबीमा) | ५० प्रतिशत |
| बीमा सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी सामान्य जानकारी | १० प्रतिशत |
| बीमा र अर्थतन्त्र | २० प्रतिशत |
| बीमाका अन्तर्राष्ट्रिय अभ्यास | १० प्रतिशत |

इमेल ठेगानाः infogp@nia.gov.np

सहभागीताको लागि आवेदन दिने अन्तिम मितिः २०८२/१२/१९ गते बेलुकी ५ बजे सम्म।

### पुरस्कारको व्यवस्थाः

प्रथम पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. २०,०००/-

द्वितीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १५,०००/-

तृतीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १०,०००/-

थप जानकारीका लागि नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालय, अमरसिंह, पोखरा, सम्पर्क नं. ०६१- ५८२९८५ सम्पर्क गर्न तथा कार्यालयको बेबसाइटः www.nia.gov.np हेर्न अनुरोध गरिन्छ ।

पनश्चः उक्त प्रतियोगिता सम्बन्धी अन्तिम निर्णयको अधिकार बीमा प्राधिकरण गण्डकी प्रदेश हाजिरी जवाफ उपसमितिलाई हुनेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY
आमरसिंह १२, पोखरा । ०६१५८२९८५ । गण्डकी प्रदेश